# प्रदेश सरकार, प्रदेश नं. ५, मन्त्रिपरिषद्को निर्णय

**प्र.मं.प.बै.सं. १४/२०७६**

**२०७६ साल भाद्र ३० गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश योजना आयोग(गठन तथा सञ्चालन) आदेश,२०७४ दोश्रो संशोधन आदेश स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः -** प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः -** २०१९ अक्टोबर १५ देखि १८ सम्म हुने मित्रराष्ट्र चीनको सिचुआन प्रान्तको भ्रमण कार्यक्रममा भ्रमणदलमा संलग्न हुने पदाधिकारीहरुको मनोनयन र भ्रमण खर्च स्वीकृत गर्ने ।

४. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश नं. ५, प्रदेश सभाको चालु अधिवेशन सम्वत् २०७६ साल असोज २ गते बिहिबार राति १२ बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।